# विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य, अधिकार र सेवाको शर्त एवं सुविधा सम्बन्धी निर्देशिका

२०७६

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल

बबरमहल काठमाण्डौ ।

# विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य, अधिकार र सेवाको शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७६

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३१ को उपदफा (२) र दफा ३२ को उपदफा (२) को प्रयोजनको लागि सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी सत्य निरुपण तथा मेलमिलाप आयोगले देहायको निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "विज्ञ तथा विशेषज्ञको नियुक्ति, काम, कर्तव्य, अधिकार र सेवाका शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७६" रहेकोछ ।

(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिमको सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ सम्झनु पर्छ ।

(ग) "विज्ञ" भन्नाले ऐनको दफा ३१ को उपदफा (१) बमोजिम आयोगले गठन गरेको उपसमिति वा कार्यटोलीमा समावेश हुने गरी दफा ३ बमोजिम नियुक्त भएको विज्ञ सम्झनु पर्छ ।

(घ) "विशेषज्ञ" भन्नाले ऐनको दफा ३२ को उपदफा (१) को प्रयोजनको लागि आयोगले दफा ३ बमोजिम नियुक्त गरेको विशेषज्ञ सम्झनु पर्छ र सो शब्दले विशिष्टिकृत निकायको सेवालाई समेत जनाउँछ ।

३. विज्ञ वा विशेषज्ञको नियुक्ति गर्न सक्नेः (१) ऐन बमोजिम आयोगले सम्पादन गर्नु पर्ने देहायका कार्यमा सहयोग पुऱ्याउनको लागि आयोगले आवश्यकता अनुसार विज्ञ वा विशेषज्ञ नियुक्ति गर्न सक्नेछः-

(क) आयोगमा पर्न आएका मानव अधिकारको गम्भीर उल्लङ्घनसँग सम्बन्धित उजुरीमा प्रारम्भिक तथा विस्तृत छानबिन गरी सत्य तथ्य पत्ता लगाउने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घनसँग सम्बन्धित घटना र त्यस्तो घटनाकोबारेमा सत्य अन्वेषण गर्ने,

(ग) पीडित र पिडकका बीच मेलमिलाप गराउने र त्यसका लागि मेलमिलाप समारोहको आयोजना गर्ने,

(घ) मानव अधिकारको गम्भीर उल्लङ्घनसँग सम्बन्धित घटनाको सत्य अन्वेषण तथा छानबिन गर्ने प्रयोजनको लागि पीडित तथा सरोकारवालाहरुसँग सार्वजनिक सुनुवाई गर्ने,

(ङ) पीडितलाई परिपूरणको सिफारिस गर्ने,

(च) कब्जा वा जफत गरिएको सम्पत्ति फिर्ताको लागि सिफारिस गर्ने,

(छ) मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अपराधमा संलग्न व्यक्ति उपर कारबाहीको लागि सिफारिस गर्ने,

(ज) क्षमादानको सिफारिस गर्ने, र

(झ) सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनका लागि गरिनु पर्ने सुधारका विषयहरुको पहिचान गर्ने ।

(२) उपदफा (१) बमोजिम विज्ञ वा विशेषज्ञको नियुक्त गर्दा निजले सम्पादन गर्नु पर्ने जिम्मेवारी वा कार्य विवरण नियुक्तिपत्र वा सम्झौतापत्रमा स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ ।

४. <u>विज्ञ वा विशेषज्ञको सूची तयार गर्ने:</u> (१) आयोगले दफा ३ बमोजिम विज्ञ वा विशेषज्ञको नियुक्ति गर्ने प्रयोजनको लागि दफा ५ बमोजिमको योग्यता भएका देहाय बमोजिमका विज्ञ वा विशेषज्ञको सूची तयार गर्नेछ:-

(क) अपराध अनुसन्धान, अभियोजन तथा कानून र न्यायको क्षेत्रमा उच्च ज्ञान हासिल गरेको विज्ञ,

(ख) विधि विज्ञान विशेषज्ञ,

(ग) कानूनको अध्यापक वा कानून व्यवसायी,

(घ) विशेषज्ञ चिकित्सक,

(ङ) मनोचिकित्सक, मनोसामाजिक परामर्शदाता तथा बालमनोवेत्ता,

(च) चार्टर एकाउन्टेन्ट/सम्पत्ति मूल्यांकनकर्ता,

(छ) ईञ्जिनियर

(२) दफा ७ बमोजिम आवेदन दिने व्यक्तिहरुमध्येबाट आयोगले उपयुक्त ठहऱ्याएको आवेदकहरुलाई विज्ञ वा विशेषज्ञको रुपमा सूचीकृत गर्नेछ ।

५. <u>विज्ञ वा विशेषज्ञको योग्यता:</u> विज्ञ वा विशेषज्ञको न्यूनतम योग्यता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. <u>सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने:</u> दफा ४ बमोजिम सूची तयार गर्ने प्रयोजनका लागि आयोगले विज्ञ वा विशेषज्ञको रुपमा सूचीकृत हुन चाहने ईच्छुक व्यक्तिलाई आवेदन पेश गर्न पन्ध्र दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा आयोगलाई आवश्यक पर्ने विज्ञ वा विशेषज्ञको क्षेत्र, काम गर्नुपर्ने मुकाम तथा त्यस्तो विज्ञ वा विशेषज्ञको योग्यता समेत उल्लेख गर्नु पर्नेछ ।

७. <u>आवदेन पेश गर्न सक्ने:</u> दफा ५ बमोजिमको योग्यता पुगेको व्यक्तिले दफा ६ बमोजिम प्रकाशित सुचनामा उल्लिखित अवधिभित्र अनुसुची-२ बमोजिमको विवरण खुलाई आयोगमा आवेदन दिन सक्नेछ ।

८. <u>आयोग आफैंले नाम सूचीकृत गर्न सक्ने:</u> दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिम योग्यता भएको व्यक्तिको विशिष्ट योग्यता र अनुभवको आधारमा निजको नाम सूचीकृत गर्न आवश्यक छ भन्ने लागेमा त्यस्तो विज्ञ वा विशेषज्ञसँग परामर्श गरी आयोग आफैंले त्यस्तो व्यक्तिको नाम सूचीकृत गर्न सक्नेछ।

९. <u>सूचीकृत नामावलीको अभिलेख:</u> (१) दफा ४ र ८ बमोजिम आयोगले सूचीकृत गरेको विज्ञ वा विशेषज्ञको नामावली आयोगको वेवसाइटमा राख्नु पर्नेछ ।

१०. <u>विज्ञ वा विशेषज्ञको पारिश्रमिक तथा सुविधा:</u> (१) विज्ञ वा विशेषज्ञको योग्यता र निजले सम्पादन गर्नु पर्ने कामको आधारमा आयोगले त्यस्तो विज्ञ वा विशेषज्ञको पारिश्रमिक तथा सुविधा निर्धारण गर्नेछ ।

(२) विज्ञ वा विशेषज्ञहरुले पाउने पारिश्रमिक तथा सुविधा आयोग र विज्ञ वा विशेषज्ञ विच हुने सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम विज्ञ वा विशेषज्ञको पारिश्रमिक तथा सुविधा निर्धारण गर्दा स्वीकृत विनियोजित वजेटको सीमामा रही गर्नु पर्नेछ ।

११. <u>सूचना वा जानकारी दिन नहुने:</u> विज्ञ तथा विशेषज्ञले आयोगको कामको सिलसिलामा आफूलाई जानकारी हुन आएको कुरा आयोगबाट स्वीकृति प्राप्त भएकोमा बाहेक सार्वजनिक रुपमा व्यक्त गर्न वा अनधिकृत व्यक्तिलाई सूचना वा जानकारी दिन पाईने छैन ।

१२. <u>आचारसंहिताको पालना गर्नु पर्ने:</u> विज्ञ तथा विशेषज्ञले दफा ३ बमोजिमको कार्य सम्पादन गर्दा आयोगबाट निर्धारित आचारसंहिताको पालना गर्नु पर्नेछ ।

१३. <u>पदबाट हटाउन सक्ने:</u> आयोगले विज्ञ वा विशेषज्ञलाई देहायको अवस्थामा पद वा जिम्मेवारीबाट हटाउन सक्नेछः-

(क) कार्य सम्पादन सन्तोषजनक हुन नसकेमा,

(ख) दफा ११ विपरीत आयोगको काम कारबाहीको सम्बन्धमा सूचना वा जानकारी कसैलाई दिएमा,

(ग) आचारसंहिताको बारम्बार उल्लङ्घन गरेमा, वा

(घ) निजको काम कारबाहीले आयोगको विश्वसनीयता र निष्पक्षतामा आँच आउने देखिएमा ।

१४. <u>परामर्श सेवा खरिद गर्न सक्ने:</u> यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले ऐन बमोजिम सम्पादन गर्नु पर्ने काम कुनै खास किसिमको विज्ञ वा विशेषज्ञबाट गराउनु पर्ने भएको र त्यस्तो विज्ञ वा विशेषज्ञ यस निर्देशिका बमोजिम सूचीकृत नभएको अवस्था रहेमा आयोगले प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम परामर्श सेवा खरिद गरी आफ्नो कार्य सम्पादन गराउन सक्नेछ ।

१५. <u>निर्देशिकाको ब्याख्या:</u> यस निर्देशिकामा उल्लिखित कुनै प्रावधानको कार्यान्वयन गर्ने क्रममा कुनै दुविधा आएमा वा अस्पष्ट हुन गएमा आयोगले ऐन र नियमावलीको अधीनमा रही त्यस्तो प्राबधानको ब्याख्या वा थप स्पष्ट गर्न सक्नेछ ।

१६. <u>खारेजी र बचाऊ:</u> (१) विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य, अधिकार र सेवा शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७२ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

<u>विज्ञ वा विशेषज्ञको योग्यता</u>

(दफा ५ सँग सम्बन्धित)

| क्र.सं. | विज्ञ वा विशेषज्ञको पद | न्यूनतम योग्यता |
|---|---|---|
| १ | अपराध अनुसन्धान, अभियोजन तथा कानून र न्यायको क्षेत्रमा विशिष्ठ ज्ञान हासिल गरेको विज्ञ | (क) नेपाल न्याय सेवाको रा.प. प्रथम श्रेणीको पदमा कार्यरत रहेको, (ख) कानूनमा स्नातक उपाधि प्राप्त गरी नेपाल न्याय सेवाको राजपत्रांकित पदमा कम्तीमा सात वर्ष सेवा गरी वा सो भन्दा माथिल्लो पदबाट सेवा निवृत्त भएको व्यक्ति, (ग) अपराध अनुसन्धानको क्षेत्रमा कम्तीमा राजपत्रांकित पदमा सात वर्ष सेवा गरी वा सो भन्दा माथिल्लो पदबाट सेवा निवृत्त व्यक्ति, (घ) मानव अधिकार, मानवीय कानून, द्वन्द्व व्यवस्थापन तथा सङ्क्रमणकालीन न्याय र कानुनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरी अनुभव प्राप्त गरेका व्यक्तिहरु । |
| २ | कानुनको अध्यापक वा कानुन व्यवसायी | (क) कानूनमा स्नातक उपाधि हाँसिल गरी देवानी/फौजदारी कानून, संक्रमणकालीन न्याय तथा द्वन्द्व व्यवस्थापन विषयमा कम्तिमा पाँच बर्षको अध्यापनको अनुभव प्राप्त व्यक्ति, (ख) सर्बोच्च अदालत वा नेपाल बार काउन्सीलवाट अधिवक्ताको प्रमाणपत्र प्राप्त कम्तिमा सात वर्षको अनुभव प्राप्त कानून व्यवसायी, |
| ३ | विधि विज्ञान विशेषज्ञ | (क) Forensic Medicine विषयमा स्नातकोत्तर भई नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ सुचीमा दर्ता रही सम्बन्धित क्षेत्रमा कार्यरत चिकित्सक, (ख) Forensic Archaeology विषयमा तालीम प्राप्त अनुभवी व्यक्ति, (ग) Forensic Anthropology विषयमा तालीम प्राप्त अनुभवी व्यक्ति, (घ) Forensic Science विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी |

| | | |
|---|---|---|
| | | सो सम्बन्धी क्षेत्रमा कार्यरत व्यक्ति, |
| ४ | विशेषज्ञ चिकित्सक | (क) मान्यता प्राप्त शिक्षण संस्थावाट एम.एस वा एम.डि. गरेका, नेपाल मेडिकल काउन्सीलमा दर्ता रही सम्बन्धित क्षेत्रमा कार्यरत चिकित्सक, |
| ५ | मनोचिकित्सक, मनोसामाजिक परामर्शदाता तथा बालमनोवेत्ता | (क) मनोचिकित्सक (Psychiatrist) विषयमा स्नातकोत्तर गरी नेपाल मेडिकल काउन्सीलमा विशेषज्ञ सूचीमा दर्ता रही सम्बन्धित क्षेत्रमा कार्यरत चिकित्सक,<br>(ख) मान्यता प्राप्त मनो-सामाजिक परामर्श केन्द्रमा सूचीकृत रही अनुभव प्राप्त व्यक्ति,<br>(ग) मान्यता प्राप्त वाल मनोविज्ञान परामर्श केन्द्रमा सूचीकृत रही अनुभव प्राप्त व्यक्ति,<br>(घ) मनो-सामाजिक परामर्श वा वाल मनोविज्ञान सम्बन्धी तालिम प्राप्त गरी यस क्षेत्रमा काम गरी अनुभव प्राप्त व्यक्ति, |
| ६ | चार्टर एकाउन्टेन्ट /सम्पत्ति मूल्यांकनकर्ता | (क) नेपाल चार्टर एकाउन्टेण्ट एशोसियशनमा आवद्ध भई कर्म्तिमा पाँच बर्षको अनुभव प्राप्त व्यक्ति,<br>(ख) सम्पत्ति मुल्याङ्कनको लागि ईजाजत प्राप्त गरी सम्बन्धित क्षेत्रमा पाँच वर्षको अनुभव प्राप्त व्यक्ति, |
| ७ | ईञ्जिनियर | (क) स्थानीय सरकारी निकाय जस्तै; भवन डिभिजन कार्यालय, सडक कार्यालय, जिल्ला प्राविधिक कार्यालय आदिमा कार्यरत कम्तिमा राजपत्राङ्कित द्वितीय श्रेणीका सिभिल, मेकानिकल, ईलेक्ट्रिकल, ईलेक्ट्रोनिक, आर्किटेक्चर, टेली कम्युनिकेशन, कम्प्युटर ईन्जिनियरको पदमा कार्यरत कर्मचारी,<br>(ख) ईन्जिनियरिङ्ग क्षेत्रको विभिन्न विषय(सिभिल, मेकानिकल, ईलेक्ट्रिकल, ईलेक्ट्रोनिक, आर्किटेक्चर, टेली कम्युनिकेशन, कम्प्युटर आदि) मध्येमा स्नातक गरी नेपाल ईन्जिनियर्स एशोसियशनमा दर्ता भई कुनै गैर-सरकारी संघ संस्था वा स्वतन्त्र रुपमा कम्तिमा पाँच वर्ष काम गरी अनुभव प्राप्त व्यक्ति,<br>(ग) नेपाल सरकारको राजपत्रांकित द्वितीय श्रेणीको ईन्जिनियर पदवाट अवकास प्राप्त व्यक्ति, |

अनुसूची-२

<u>विज्ञ वा विशेषज्ञले आवेदनमा उल्लेख गर्नुपर्ने विवरण</u>

(दफा ७ सँग सम्बन्धित)

१. व्यक्तिगत विवरण
२. शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण
३. विज्ञ वा विशेषज्ञको क्षेत्र
४. विज्ञ वा विशेषज्ञले काम गर्न चाहेको मुकाम
५. संक्रमणकालीन न्याय सम्बन्धी ज्ञान, सीप तथा अनुभव
६. आयोगमा दर्ता भएका उजुरी निवेदनको फछ्यौंट गर्ने विधी र प्रकृया सम्बन्धमा आफ्नो कार्ययोजना
७. अन्य आवश्यक विषयहरु ।